सन् २०२१

# पीसविन बार्षिक प्रतिवेदन

पीसविन केन्द्रीय कार्यालय, मार्तडी, बाजुरा

# वार्षिक प्रतिवेदन २०२१ का सम्बन्धमा


पीसविन (PeaceWin) २०४७ असोज १० गते समुदायमा आधारित समूहको रुपमा स्थापना भई २०४९ साल पौष ५ गते जिल्ला प्रशासन कार्यालय, बाजुरामा दर्ता भई बालबालिका, महिला र युवा समुदायसँग सहकार्य गर्दै आईरहेको छ । तीन दशकको जीवनमा नेपाली समाजमा विकास भैरहेका विभिन्न विकास आयामहरुको अनुभव प्राप्त गरिरहेको छ । नियमित कार्यहरुका साथै अप्रत्याशित आउने प्राकृतिक आपत्ति विरुद्धको अभियानले नयाँ कार्यअनुभव प्रदान गरेको छ । सामाजिक, आर्थिक, साँस्कृतिक रुपान्तरणमा आम हातेमालोको थप आवश्यकता महशुश भएको छ ।

पीसविनले “खुसी व्यक्ति, सुखी परिवार र समृद्ध समाज” विकासको परिकल्पना गर्दछ । दिगो विकास लक्ष्य प्राप्तिमा नेपाल सकारको प्रतिवद्धतामा नागरिक संस्थाहरको सक्रिय सहयोगी भूमिका देखिनुपर्दछ भन्नेमा पीसविन सचेत छ । नेपाली समाजमा विद्यमान विविध सामाजिक असमानताहरु विकास, शान्ति र सद्भावका वाधक हुन् । असमानता विरुद्धको अभियान अझै सशक्त हुन आवश्यक छ । यो प्रतिवेदन पीसविनका कार्यक्रमगत विषयक्षेत्रका आधारमा तयार पारिएको छ ।

विगतका वर्षहरु जस्तै सन् २०२१ मा पीसविनलाई आर्थिक, भौतिक, मानवीय सहयोग र सहकार्य, साझेदारी गर्नुहुने स्थानीय सरकार, सरकारी निकाय, साझेदार संस्था, समुदायका समूह, नेटवर्कहरुशुभेच्छुकहरुमा हार्दिक आभार तथा कृतज्ञता व्यक्त गर्दछु । पीसविन कार्यसमितिका सदस्यहरु, सल्लाहकारहरु, संस्थापकहरु, स्वयम्सेवकहरु, कर्मचारीहरुलाई हार्दिक धन्यवाद व्यक्त गर्दछु । सबैबाट निरन्तर सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद ।

जय अवसर, जय विकास ,



विमला थापा
अध्यक्ष
मितिः २०७८ चैत्र २५ गते

# बिषय सूची


१. बाल विकास र शिक्षा (Child Development and Education)........3
२. महिला तथा युवा नेतृत्व (Women and Youth Leadership)........9
३. जीविकोपार्जन (Livelihood)........11
४. सुशासन मानव अधिकार र लोकतन्त्र (Good Governance, Human Rights and & Democracy)........12
५. प्रकोप पूर्व तयारी र भौतिक सुरक्षा (Disaster Resilience and Response with Physical safety)........14
६. स्वास्थ्य,पोषण र सरसफाई (Health, Nutrition and Hygine)........15
७. सामुदायिक पहुँच तथा भौतिक पुर्वाधार विकास........17
८. जलवायु अनुकुलन र वातावरण व्यवस्थापन (Climate Adaptation and Environment Management)........18
९.संस्थागत सुदृढिकरण (Institutional Strengthening)........18
१०.अनुगमन तथा मुल्यांकन (Monitoring and Evaluation)........19
सन् २०२१ को आम्दानी खर्च विवरण........20
केहि प्रतिनिधिमुलक तथ्य कथाहरु........21
सरोकारवालाहरुका भनाईहरुः........27

## १. बाल विकास र शिक्षा (Child Development and Education)

प्रारम्भिक उमेर समुहका वाल वालिकाकाको समग्र विकासमा टेवा पुगाउने उद्देश्यका साथ प्रारम्भिक उमेर समुहका बालबालिकाको २५ जना अभिभावकलाई १५ दिने अभिभावक शिक्षा कार्यक्रम बुढीगंगा नगरपालिका वडा नं १ मा सञ्चालन गरीएको थियो भने ८८ जना अभिभावकहरुलाई अभिभावक शिक्षा दिइएको थियो । बालबालिकाको घरमा पढाईलाई निरन्तरता दिन तथा बालबालिकाको पढाई बानीको विकास गर्ने उद्देश्यका साथ खप्तड छेडेदह गाउँपालिका र बुढीगंगा नगरपालिकाको ३ ओटा टोलका ६८ घरमा पढाई कुना स्थापनाको लागि सामाग्रि सहयोग गरी पढाईकुना स्थापना गरीएको थियो । बुढीगंगा



नगरपालिका वडा नं. १ मा बालविकास केन्द्रको बालबालिकाको नियमितताामा सहयोग पु-याउन तथा प्रारम्भिक उमेर समुहका बालबालिकाको अभिभावकको आर्थिक भारलाई कम गर्न ४६ जना प्रारम्भिक उमेर समुहका वालकालिकाहरुलाई झोला सहयोग गरीयो । खप्तड छेडेदह गाउपालिका र बुढीगंगा नगरपालिकामा रहेका १५४७ जना बालबालिकाको पढाईलाई निरन्तरता दिन विद्यालय पोशाक र शैक्षिक सामाग्रि सहयोग गरीएको थियो । यसै गरी ४० जना निरक्षर अभिभावकलाई ३ महिने साक्षरता कक्षा पनि संञ्चालन गरीएको थियो । ११ जना विद्यालय बाहिर रहेका माध्यामिक स्तरका वालबालिकाहरुलाइ विद्यालय भर्ना गरिएको छ । जस मध्ये माध्यामिक स्तरका ६२ जना बालबालिकाहरुले Bursary सहयोग स्वरुप बार्षिक रु १०,००० बराबरको सहयोग प्राप्त गरेका छन् । उच्च शिक्षा अध्ययनमा सहयोग पुगाउने उद्देश्यका साथ खप्तड छेडेदह गाउँपालिका र बुढीगंगा नगरपालिकाको १७५ जना बालबाालिकाहरुलाई बार्षिक नगद रु. ३००० का दरले सहायोग गरीएको थियो । बाजुरा जिल्लाका १४ माद्यमिक विद्यालयहरुबाट जम्मा ६० जना बालबालिकाहरुलाई परियोजनासंगको सहकार्यमा घुम्तीकोष तथा बाल अनुदान कोष परिचालन गरिरहेको ४ वटा सहकारीहरुवाट शैक्षिक वृत्ति वितरण गरिएको छ ।

विद्यालयमा गुणस्तरीय बसाई व्यवस्थापन तथा बालमैत्री कक्षा कोठा व्यवस्थापन गर्न बुढीगंगा



नगरपालिकाको ५ ओटा विद्यालयमा कक्षाकोठा व्यवस्थापन सामाग्रि कार्पेट पीर्फम र आवश्यक अन्य फर्निचर सहयोग गरीएको थियो भने ३ ओटा प्रारम्भिक कक्षा कोठा व्यवस्थापन अर्न्तगत कक्षाकोठा रंगरोगन तथा शैक्षिक सामाग्रि र खेल सामाग्री समेत सहयोग गरीएको थियो । निर्माणधिन रहेको धुरालसैन माध्यामिक विद्यालयमा आधारित प्रारम्भिक बालविकास केन्द्रको भवन निर्माण, रंगरोगन तथा व्यवस्थापन समाग्रि का साथै ल्यापटप र प्रोजेक्टर सहयोग सहित हस्तान्तराण पनि गरीएको थियो । खप्तड छेडेदह गाउपालिकाका २ ओटा विद्यालयमलाई डेस्क बेन्च सहयोग गरीएको थियो । १२ ओटा विद्यालयलाई शैक्षिक सामग्रि अर्न्तगत सन्दर्भ सामाग्रि कथाका किताबहरु सहयोग गरीएको थियो । बालबालिकाको अर्न्तनिहित क्षमताको विकास गर्न बाजुरा जिल्लाको ४७ वटा विद्यालयहरुमा



नियमित रुपमा अतिरिक्त क्रियाकलापहरु बालक्लबहरुको आयोजनामा संचालन भईरहेका छन् । जसले बालबालिकाहरुको उपस्थिती दर तथा सिकाईमा प्रभाव परेको छ । बालबालिकाकाहरु विद्यालय तथा समुदायमा विद्यालय भर्ना अभियान तथा समाजमा रहेका सामाजिक सवालका छाउपडी प्रथा बालविवाह न्युनीकरणका विद्यालयमा गरिने लैङ्गिक र जातिय विभेद अन्त्यका साथै बालमैत्री तथा दण्डरहित शिक्षा,विद्यालय

शान्ति क्षेत्र घोषणा, बिद्यालयमा अनिवार्य तथा निःशुल्क शिक्षा कार्यान्वयन बिद्यालय स्तरिय किशोरी समुह र बाल समुहको गठन तथा परिचालन र सक्रियता का विषयमा अतिरिक्त क्रियाकलाप , घरदैलो कार्यक्रम , सडक नाटक , छलफल,अन्तरक्रिया,बैठक र विभिन्न दिवसहरु जस्ता कार्यक्रम संचालन गरिरहेका छन् । जसले समाजमा रहेका बालबालिकाहरु विद्यालयको पहुँचमा आएका , सामाजिक कुरीति तथा विसंगति जस्ता सामाजिक सवालहरु न्युनीकरण भएका छन । बढीगंगा नगरपालिका राम्रो पढाई राम्रो सिकाई लागु भएको विद्यालय शिक्षकहरुले त्रैमासिक रुपमा बैठक निरन्तर रुपमा संञ्चालन सिकाई आदान प्रदानले विद्यालयको सम्पूर्ण गतिवीधिहरुकोसँगै पढाई स्तर सुधार गर्न तथा शिक्षण सिकाईमा सुधार गर्ने गरेका छन् । बालबालिकाहरुको नियमितता ,उपस्थिति दर , शिक्षण सिकाईमा सुधारका लागि बाजुरा जिल्ला बडिमालिका नगरापालिका, बुढीगंगा नगरपालिका र त्रिबेणी नगरपालिकाका १४ वटा मा. वि. हरुमा PAT बोर्डको प्रभावकारी प्रयोगले नियमित रुपका संञ्चालनमा आएको छ । यस वर्ष Bursary सहयोग गरिएका ६० जना बालबालिकाहरुको हाँजिर परिक्षण गर्दा ९४% बालबालिकाहरु विद्यालयमा नियमित उपस्थित भएको तथ्यांक देखिएको छ । विद्यालयको शिक्षण सिकाइलाई अझ प्रभावकारी बनाउन बुढीगंगा नगरपालिकाका र खप्तड छेडेदह गाउपालिकका १७ ओटा विद्यालयमा लक्षित गरी जम्मा ६४ जना शिक्षकलाई पठन सिप विकास तालिम तथा आधारभुत कम्प्युटर तालिम संञ्चालन गरीएको थियो । यसका साथै प्रारम्भिक बाल विकास केन्द्रका १२ जना शिक्षिकालाई प्रारम्भिक विकास र शिक्षण सिकाई क्रियाकलापमा आधारित तालिम दिइएको थियो । बालबालिकाको पठन प्रवाह र पठन सिप विकासलाई प्रभावकारी बनाउन ६ ओटा विद्यालयमा कथा बाचन कार्यक्रम संञ्चालन गरीएको थियो जसमा जम्मा ५८४ जना बालबालिकाको सहभागितामा रहेको थियो ।



बझाङ्ग जिल्लाको जयपृथ्वी नगरपालिका, विथ्थडचिर र तलकोट गाउँपालिका बैतडी जिल्लाको दरशरथचन्द र मेलौली नगरपालिका, डागडाकेदार र सुर्नया गाउँपालिकाहरुमा १२२१ जना किशोरी समूहमा रुपान्त्रण कक्षा संचालन गरी लैगिक हिंसा, बाल विवाह विरुद्धको अभियानमा संलग्न भएका थिए । बाजुरा जिल्लामा कोभिड १९ मा पनि बालबालिकाको पढाईलाई निरन्तरता दिन

रेडियो कक्षा निरन्तर ३ महिना सम्म संञ्चालन गरीएको थियो भने बाल अधिकार र बाल बिबाह



न्युनिकरण गर्न रेडियो साप्ताहिक कार्यक्रम निरन्तर रुपमा संञ्चालन गरिएको थियो । प्रारम्भिक उमेर समुहमा सिकाईको महत्तव र बाल विवाह न्यूनिकरण गर्न सचेतनामुलक १३ ओटा होडिङ्ग बोर्डहरु निर्माण गरी टाँस गरीएको थियो भने ११ ओटा स्थानमा बाल विवाहका असर र कानुनी प्रावधान बारे भित्ते लेखन कार्य सम्पन्न गरीएको थियो । यस आर्थिक बर्षमा बाजुरा जिल्लामा केन्द्रिय बाल अधिकार परिषद द्वारा पीसविन बाजुरा मार्फत संचालनमा रहेको बाल हेल्पलाईनमा दर्ता भएको १६ जना जोखिममा रहेका बालबालिकाहरुलाई उद्धार, उपचार तथा आवश्यक सामाग्रि सहयोग गरीएको थियो । बाजुरा जिल्लाको माध्यामिक तहसम्मको विद्यालयमा १० ओटा विद्यालयमा किशोरी समुह र ३६ ओटा विद्यालयमा बाल क्लव गठन गरी आवश्यक सामाग्रि सहयोग गरिएको थियो । यस वर्ष



बाल समुहरुद्धारा विद्यालयमा वृक्षारोपण, भर्ना अभियान संचालन, घरदैलो भेटघाट कार्यक्रम, विद्यालयहरुमा बाल समुहहरुद्दारा विभिन्न शैक्षिक क्रियाकलापहरु जस्तै सांस्कृति कार्यक्रम, जनचेतनामुलक र्‍याली कार्यक्रम, बादविवाद, निवन्ध, र हिज्जे प्रतियोगिता आदि जस्ता विभिन्न क्रियाकलापहरु संचालन गरिएका छन् । जसले बालकालिकाहरुको क्षमता अभिवृद्धिका साथै बानीहरुको विकास र अनुसाशनको पालना गर्नका लागि पाठ सिकाईएको छ । बाल समुहमा आवद्ध बालबालिकाहरुले बाल समुहको गठन पश्चात् बाल विवाह न्युनिकरण, बाल संरक्षण र बाल बालिकाहरुको हित र पढाईको स्तरोन्नतिका लागि विभिन्न क्रियालापहरु संचालन गर्ने गरेका छन् । त्यसैगरी २० ओटा विद्यालयमा बाल संरक्षण समिति गठन गरी सबै विद्यालय बाल संरक्षण समितिका पदाधिकारीहरुलाई बाल संरक्षणको सवालमा उनिहरुको कर्तव्य अधिकार बारे अभिमुखिकरण

गरीएको थियो । बाजुरा जिल्लाको बुढीगंगा नगरपालिकाको सबै वडामा बाल विवाह विरुद्ध निगरानी समुह गठन गरी तिनीहरुलाई बाल विबाह न्युनिकरणका लागि रणनैतिक तालिम पनि संञ्चालन



गरिएको थियो । बाल विकास र बाल विवाह न्युनिकरणका लागि समुदायसँग अर्न्तक्रिया कार्यक्रमहरु पनि संञ्चालन गरिएका थिए । १९४ जना किशोरीहरुलाई हिंसा दुर्व्यबार बाट बच्न आत्मरक्षा तालिम पनि दिइएको थियो । १५१५ जना बालबालिकाको प्रगति बारे जानकारी लिदै घर भेटघाट मार्फत शिक्षा , स्वास्थ्यका साथै समग्र विकास बारेमा अभिभावकहरुलाई परामर्श पनि प्रदान गरिएको थियो । यसका साथै  खप्तड छेडेदह गाउपालिका र बुढीगंगा गनरपालिकका ८५७ जना प्रायोजित बालबालिकाहरुको परिवारसँग बैठक गरी तिनीहरुको बालबालिकाको विकास र शैक्षिक सुधार छलफल गर्दै सल्लाह समेत प्रदान गरिएको थियो । २३ जना बालबालिकाको उपहारका लागि आएको नगद रकमले उपहार स्वरुप बालबालिकालाई आवश्यक सामाग्रिहरु खरीद गरी हस्तान्तरण गरीएको थियो जसले बालबालिकालाई आवश्यकता पुरा गर्न थप सहयोग पुगेको थियो । ३७२ जना बाल समूहका पदाधिकारी, बाल संरक्षण समिति र निगरानी समुहका पदाधिकारीहरुलाई बाल अधिकार महासन्धि,बाल अधिकार र बाल विवाहका साथै अन्य कानुनी प्राबधान बारेमा तालिम संञ्चालन गरिएको थियो । बाल अधिकार र बाल विवाह न्युनीकरण सम्बन्धि सचेतनामुलक सडक नाटक, चाली, मतदान कार्यक्रम, समुदाय प्रहरी  अर्न्तक्रिया कार्यक्रम जस्ता सचेतनामुलक कार्यक्रमहरु संञ्चालन गरिएका थिए । बुढीगंगा नगरपालिका वडा नं २ मा रहेका नडाग टोललाई बाल विबाह मुक्त टोल घोषणा गर्न पनि सहयोग र सहजिकरण गरिएको थियो । बाजुरा जिल्लाको ३६ वटा माध्यामिक विद्यालयका बाल कलब र अन्य बालबालिकाहरु गरी जम्मा  १९५ जना बालवालिकाहरुलाई बालअधिकार सम्बन्धि तालिम सँचालन गरिएको छ जसले बालबालिकाहरुको क्षमता विकास भएको छ । बाजुरा जिल्लाको १३ वटा विद्यालयका ३९० जना माद्यमिक विद्यालयका बालवालिकाहरुलाई जीबनोपयोगी सीप सम्बन्धि सेसनहरु संचालन गरिएका छन् भने १३ वटा माद्यमिक विद्यालयहरुमा ३९० जना कमजोर बालबालिकाहरुलाई विद्यालय निरन्तरता र सिकाईमा सुधारका लागि Remedial उपचारात्मक कक्षाहरु निरन्तर

रुपमा संचालन गरिएका छन् । जसले गर्दा कमजोर तथा कम उपस्थित हुने बालबालिकाहरुलाई विद्यालयमा निरन्तरताका लागि सहयोग पुगेको छ । बालबालिकाको संरक्षण र सहायताको लागि बाजुरा जिल्लाको १४ वटा विद्यालयहरुमा न्युन आयश्रोत भएका विद्यार्थीहरुकालागि प्रति विद्यालय रु १ लाख बरावरको अक्षय कोषहरु स्थापन भएका छन् ।

बाजुरा जिल्लाकाको १३ वटा माध्यामिक विद्यालयहरुमा विद्यार्थीहरुको निरन्तर उपस्थितिका लागि दैनिक हाँजिर परिक्षण गर्न विद्यालयहरुमा हाजिर उपस्थित, गयल र जम्मा उपस्थित दिनहरुको बारेमा परिक्षण गर्ने गरिएको छ । महिनाका ९० प्रतिशत हाँजिर हुने बालकालिकाहरुलाई सम्मान स्वरुप मासिक र त्रैमासिक रुपमा हरियो कार्ड, ६० प्रतिशत उपस्थित हुने बालबालिकाहरुलाई थप सुधारकालागि पंहेलो कार्ड र कम उपस्थित अर्थात ५० प्रतिशत भन्दा कम उपस्थित हुने बालबालिकाहरुको विद्यालय उपस्थितिदर बृद्धिका लागि र अभिभावहरुलाई विद्यालयमा भेटघाट तथा छलफलकालागि रातो कार्ड दिन सुरुवात गरिएको छ । जसले विद्यार्थीहरु दैनिक रुपमा विद्यालय आए, नआएको बारेमा पनि पत्ता लगाउन सहज भएको देखिन्छ । विद्यार्थीहरुको विद्यालयमा निरन्तर उपस्थितिदरमा बृद्दि र कमजोर विद्यार्थीहरुको सुधारका लागि अभिभावहरुलाई जानकारी गर्ने उद्धेश्यले दैनिक र मासिक रुपमा हाँजिरी परिक्षण कार्यक्रम संचालन गरिएको हो । जसले गयल भएका विद्यार्थीहरुलाई विद्यालयमा उपस्थितिका लागि मद्दत पुग्नुका साथै अभिभावकहरुलाई पनि समय, समयमा आफ्ना बालबालिकाहरुप्रति जानकारी लिन विद्यालयमा उपस्थित हुने क्रममा बृद्धि भएको छ । जसबाट ५४ छात्रा, ६२ छात्र, १२८ पुरुष र ३२ महिलाहरु लाभान्वित भएका छन् । माध्यामिक विद्यालयमा छोड्ने दर लाई न्यून गर्नका लागि जिल्ला शिक्षा कार्यालय, बाजुरासंगको सहकार्यमा जिल्ला स्तरमा र कार्यक्षेत्रका गाविसहरुमा भर्ना अभियान र विद्यालय बाहिर रहेका बालबालिकाहरुलाई पुन विद्यालयमा भर्नाकालागि अभियान संचालन गरिएको छ ।

स्थानीय अधिकार कार्यक्रमबाट बाजुराको बुढीनन्दा नगरपालिका वडा नं ३ चोलुमा आधुनिक घट्ट निर्माणका साथै बुढीनन्दाको वडा नं ८ को खापर प्रा.वि.र वडा नं ९ को हिमाली आधारभूत विद्यालय भित्तेलेखन र खानेपानी र वडा नं ७ को सागरा प्रा.वि.मा भित्तेलेखन कार्य भई जम्मा ७०० जना बालवालिकाहरु लाभान्वित भएका छन् ।

## २. महिला तथा युवा नेतृत्व (Women and Youth Leadership)

जिल्लाका बुढीगंगा नगरपालिका, त्रिबेणी नगरपालिका र वडिमालिका नगरपालिकाका १२ ओटा युवा क्लवहरुको गठन तथा पुर्नगठन निरन्तर रुपमा गरिएको छ । जसमा ५० प्रतिशत महिलाहरुले मुख्य पदमा जिम्मेवारी लिएका छन् । साथै युवाहरुकालागि संचालन गरिएको व्यावसायीक तालिममा पनि ५० प्रतिशत महिला उद्यमीहरु सहभागी भएका थिए । जसले गर्दा महिलाहरुको सार्वजनिक तथा सामुहिक कार्यमा नेतृत्व विकास तथा सहभागिता भएको देखिन्छ ।

बाजुरा जिल्लामा लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना (दोस्रो चरण ) र सुरक्षित गर्भपतन ईकोसिस्टम सेवा परियोजनाद्धारा गौमूल गाउँपालिका, बडीमालिका र बुढीगंगा नगरपालिकामा महिला समुह, समुदाय र विद्यालय स्तरिय किशोरी समुह र महिला स्वास्थ्य स्वयं सेविकाहरुको मासिक वैठक, क्षमता अभिवृद्धिका क्रियाकलापहरु संचालन भएका छन् भने किशोरी अधिकारका साथै लैङ्गिक हिंसा न्यूनिकरण गर्नका लागि समुदाय र विद्यालय स्तरमा रुपान्तरण प्याकेजका लागि संचेतनामूलक कार्यक्रमहरु संचालन गरिएका छन् । जसले गर्दा महिलाहरुको सार्वजनिक तथा सामुहिक कार्यमा नेतृत्व सशक्तिकरण र राज्यका विभिन्न क्षेत्र अथवा समुह/समितिमा अर्थपूर्ण सहभागिता भएको देखिन्छ । यस वर्ष करिव ३५५ जना महिला र ९३६ जना किशोरीहरुले विभिन्न संञ्जाल तथा समुहमा आवद्ध भई नेतृत्व विकासका विभिन्न कार्यक्रममा सहभागि हुने अवसर प्राप्त गरेका छन् । समुदाय स्तरमा महिलाहरु महिला समुह, सहकारी,सामुदायिक वन समुह,उपभोक्ता समिति,वि.व्य.स.,विभिन्न योजना निर्माण समिति लगायत अन्य समुहहरुमा निर्णायक पदमा पुग्न सकेका छन् । जसले गर्दा महिलाहरुले आफ्ना कुराहरु समुदायमा र साथी समुहमा आदान, प्रदान गर्ने र महिलाहरुका समस्याहरु समाधानका लागि महिला एकता भई उपयुक्त समयमै आवाज उठाउन सक्ने भएका छन् भने समुदायस्तरमा महिला अधिकारका सवालमा कार्य गर्न सहज वातावरण तय भएको देखिन्छ ।



स्थानीय अधिकार परियोजनाबाट बाजुरा जिल्लाको हिमाली.,स्वामिकार्तिक,नगन्नाथ गाउँपालिका र



बुढिनन्दा नगरपालिकामा हलिया संजाल गठन तथा पर्नु गठन गर्नुका साथै ४३ जना युवा तथा हलिया संजालका पदाधिकारीहरुलाई हलियाहरुको शैक्षिक, आर्थिक र सामाजिक स्तरमा सुधार ल्याउने उद्देश्यका साथ नेतृत्व क्षमता बिकास तालिम सञ्चालन गरीएको थियो भने पालिका स्तरीय हलिया संजालको त्रैमासिक बैठक नियमित रुपमा सम्पन्न भएको थियो । हिमाली ,स्वामिकार्तिक,जगन्नाथ गाउँ पालिका र बुढिनन्दा नगरपालिका स्तरको महिला तथा हलिया संजालको पैरबी योजना निर्माणमा सहजीकरण गरिएको थियो ।

लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना (दोस्रो चरण) र ECM परियोजना बाट सुदूर पश्चिममा अवस्थित सैपाल एफएम, बझाङ्ग एफएम, जयपृथ्वी एफएम बझाङ्ग,रेडियो मेलौली, सेभनस्टार एफएम र रेडियो निगालीसैन बैतडी गरी जम्मा ६ रेडियोबाट रुपान्त्रण प्याकेजका २४ वटा सेसन प्रशारण गर्ने ,बाजुरा एफएमबाट "डिजिटल पुस्ता हाम्रो पुस्ता" बिषयमा किशोर किशोरीको र अभिभावकका साथै विद्यालयका शिक्षकको ध्यानाकर्षण र क्षमता विकास गर्ने र लैङ्गिक हिंसा न्यूनिकरणका लागि समुदायमा प्रचार-प्रसार गर्ने कार्य पनि सम्पन्न भएको छ । ४८ वटै रुपान्त्रण कक्षाका युवा सहजकर्ताहरुको समीक्षा बैठक सम्पन्न गरी आगामी कार्यक्रमको भावी रणनीतिक योजना बनाउने कार्य पनि सम्पन्न भएको थियो ।



यही परियोजनाबाट नै बाजुरा अछाम, बैतडी, बझाङ्ग र कैलाली जिल्लाका विभिन्न पालिकाहरुसँग मिलेर लैङ्गिक हिंसा विरुद्धको अर्न्तक्रिया, छलफल, कविता प्रतियोगिता, देउडा , सडक नाटक,वक्तृत्वकला प्रतियोगिता गर्दै लैगिक हिसा विरुद्धको १६ दिने अभियान र विभिन्न दिवसहरु (

अन्तर्राष्ट्रिय किशोरी दिवस,बाल दिवस) सम्पन्न भएका थिए । यस आर्थिक बर्षमा पनि पीसविन बाजुराद्धारा युवाहरुको सशक्तिकरण, व्यावसाय प्रर्वद्धन तथा सहभागिताका लागि जिल्ला र पालिका स्तरमा विभिन्न क्रियाकलापहरु संचालन गरिएका छन् । जसले गर्दा जिल्ला र पालिका स्तरमा युवाहरुको राज्यका सबै निकायमा अर्थपूर्ण सहभागिता, सवालहरुको पहिचान, व्यावसायिक सीप विकासमा जोड र समुहहरुको संजालीकरणमा सहयोग पुगेको छ । युवाहरुको क्षमता अभिबृद्दिका लागि पालिका र वडा स्तरमा युवा क्लवको गठन तथा पुर्नगठन र सहजीकरण गरि क्षमता विकास गर्ने कार्य भएको छ ।बाजरा जिल्लाकका विभिन्न पालिका र वडा स्तरमा युवाहरुको क्षमता अभिबृद्दि गर्न युवाहरुको कार्यालय व्यवस्थापनका लागि  सामग्रीहरु सहयोग गरिएको छ । साथै वडा स्तरमा लघु उद्यमको क्षेत्रमा काम गर्ने युवाहरुको व्यावसाय प्रर्वद्धनका साथै प्रोत्साहनका लागि  युवा दिवसमा युवा उद्यमीलाई सम्मान समेत गरिएको थियो । बुढिनन्दा नगरपालिका तथा हिमाली नगरपालिकाका ४३ जना हलिया संजालका सदयहरु लाई नेतृत्व क्षमता बिकास तालिम प्रदान गरी युवा नेतृत्व सिप विकास र मानब अधिकारमुखी पद्धतिको बारेमा जानकारी भएका छन् ।बाजुरा जिल्लाको कोल्टी क्षेत्रका ४ वटा पालिकामा पालिका स्तरिय हलिया संजालको पैरबी योजना निर्माण भई उनीहरुको सवाल,समस्याहरु लाई प्रथामिकीकरण भई योजना समेत निर्माण भएको छ । २ जना हलिया संजालका सदस्यहरु  जय बिर कामी (हिमाली) र  बसन्ती कँडारा (बढीनन्दा)का सदस्यहरु लाई ब्यवसायीक योजना प्रशिक्षक प्रशिक्षण तालिम दिई युवा प्रशिक्षकको रुपमा बिकास भएका छन् ।

## ३. जीविकोपार्जन (Livelihood)

पीसविनले सहकारी संस्थाको संस्थागत विकास, घुम्ती कोष र बाल अनुदान कोषको परिचालन र युवा स्वरोजगारका लागि सहकारीहरुको क्षमता अभिबृद्दि  र विकासका लागि यस वर्ष विभिन्न क्रियाकलापहरु संचालन भएका छन् ।  स्थानीय बजारको विकास र विस्तारका साथै वजार संभाव्यता अध्ययन गरि सहकारीको माध्मबाट स्थानीय बजारको सुदृढीकरण गर्न र बढ्दो युवा वेरोजगार दरलाई न्युन गर्नका लागि पनि थप सहयोग पुग्ने देखिन्छ । सहकारीबाट ऋणको सुविधा लिएर आयआर्जन तथा व्यवसाय तालिम प्राप्त २६५ जना मध्ये २२२ जना युवाहरुले व्यवसाय संचालन गरेका छन् । तालिम प्राप्त युवाहरुमध्ये ३ जना युवाहरु देश भन्दा बाहिर गएर पनि तालिम सिकेका भरमा रोजगार प्राप्त गरिरहेको छन् । व्यावसायिक तालिमले उद्यमी युवाहरुको व्यावसायिक योजना निर्माण गर्न सहयोग गर्नुका साथै व्यावसायको महत्व र आवश्यकताका बारेमा पनि जानकारी दिएको छ । उक्त तालिमबाट यस वर्ष ३० जना युवाहरु लाभान्वित भएका छन् ।

जसले गर्दा युवाहरुलाई स्वदेशमै केही गरेर आफ्नो परिवारको पालन, पोषणका साथै दैनिक रुपमा गुजारा खर्च चलाउन पनि सहज हुनुका साथै आत्म निर्भरतामा सहयोग पुगेको देखिन्छ । पीसविनको सहजीकरणमा स्थापना भएको युवा सुचना केन्द्रमा गई विभिन्न रोजगारीका अवसरहरुको खोजीका लागि दरखास्त आह्वान गर्ने क्रममा यस वर्ष ४ जना युवाहरुले विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुमा रोजगारी प्राप्त गरेका छन् । साथै युवाहरु सुचना केन्द्रमा गई विभिन्न पत्र, पत्रिका तथा कितावहरु पढ्ने र कम्प्युटर सिक्ने क्रम यो वर्ष पनि निरन्तर रुपमा भईरहेको छ ।

हिमाली गाउँपालिका र बुढीनन्दा नगरपालिकामा कृषक पाठशाला संचालनको माध्यमद्धारा कृषकहरुको क्षमता बिकास गरी कृषकहरुको आयआर्जनमा टेवा पुरयाउनका लागि काम सम्पन्न भएका छन् । त्यसै गरी ३००० कृषकहरुको आयआर्जनमा वृद्धि गरी जीविकोपार्जनमा सुधार ल्याउन बिउबिजन सहयोग तथा मौषमी तथा बेमौसमी तरकारी खेती गरी आयआर्जनमा सुधार ल्याउने उद्देश्यका साथ प्लास्टीक टनेल हाउसको सहयोग गरिएको छ । यसले गर्दा ३००० कृषकहरुले करेसाबारी ब्यबस्थापन तथा मौषमी तथा बेमौषमी तरकारी खेती गरेर आयआर्जनमा सुधार आएको छ ।

## ४. सुशासन मानव अधिकार र लोकतन्त्र (Good Governance, Human Rights and & Democracy)

जनप्रतिनिधिहरुको क्षमता बिकास गरी गुणस्तरीय सेवा प्रवाहलाई प्रभावकारी बनाउन बुढीनन्दा नगरपालिका हिमाली गाउपालिकाका जनप्रतिनिधिहरुलाई तालिम सम्पन्न गरीएको थियो । नागरिक संस्थाका पदाधीकारीहरुको क्षमता बिकास गरी जनपैरवीका माध्यमबाट अभियानमूखि कार्यक्रममा संलग्न गराउन नागरिक संस्थाहरुको  क्षमता बिकास तालिम  संञ्चालन भएको थियो । सार्वजनिक संवादका माध्यमबाट अधिकारवाला र सरोकारवाला बिच छलफल गरी स्थानीय सरकारले दिने सेवाको गुणस्तरमा वृद्धि गर्न नागरिक संम्बाद कार्यक्रम संञ्चालन गरीएको थियो  । पीसविनले सहयोग गर्दै आएको सहकारीबाट युवाहरुलाई प्रदान गरिने रकमको वार्षिक रुपमा वढिमा १० प्रतिशत व्याजका दरले आएको रकमबाट पालिका र वडा स्तरमा रहेका अति विपन्न, असहाय र एच. आई. भी. संक्रमित तथा प्रभावित वच्चाहरुलाई सहयोग गरिएको छ । जसबाट कालिका सहकारीबाट १२ जना हातेमालो साना किसान सहकारी संस्थावाट १० जना र लक्ष्मी बचत तथा ऋण सहकारी सं लि. बाट १५ जना र न्यु भिजन वचत तथा ऋण सहकारी संस्थाबाट १२ जना

गरी जम्मा ४९ जना बालबालिकाहरुले बाल अनुदान कोष बाट उक्त सहयोग प्राप्त गरेका छन् । हिमाली गाउँपालिका र बुढीनन्दा नगरपालिकाका १७ ओटा वडामा सार्वजनिक सुनुवाई कार्यक्रमहरु सम्पन्न भएका थिए भने १७ ओटै वडामा जनताले जान्न पाउने अधिकारको सुनिश्चित गरी सरोकारवालाहरुलाई जनता प्रति जवाफदेही बनाउने उद्देश्यका साथ सामुदायीक अंक पत्रको प्रयोग गरीएको थियो । सरोकारवालाहरुलाई जनता प्रति जवाफदेही बनाउन सुशासन का सम्बन्धमा रेडीयो कार्यक्रम पनि निरन्तर रुपमा संञ्चालन भएको थियो । पीसविनले गर्दै आएको संस्थागत सुशासन कायम गर्न विभिन्न अभ्यासहरु गर्दै संस्थागत रुपमा गुनासो सुनुवाई तथा सुझाव व्यबस्थापनको अनुगमन मूल्यांकन जवाफदेहिता र सिकाई मिल अवधारणा कार्यान्वयनमा ल्याएको छ । संस्थामा टोल फ्री नं १६६०९७५४००० व्यबस्थापन गरिएको कार्यक्रममा गुणस्तर ल्याउनका लागि निरन्तर मासिक रुपमा फिल्डमा मासिक रुपमा अनुगमन गर्ने र आएका सुधार गर्नुपर्ने पक्षलाई कार्ययोजनामा राखी सुधार गर्ने कार्य गरिएको छ । जिल्लामा रकारी तथा गैरसरकारी स्तरका सबै सरोकारवालासँग समन्वय र सहकार्य गरेर कार्यक्रमहरु विस्तार गर्ने कार्य गरियो । पीससिनको बार्षिक साधारण सभा सबै अधिकारवाला र सरोकारवाला निकायहरुको अर्थपूर्ण सहभागितामूलक ढंगले समपन्न गरिएको छ । त्यसै गरि यूवा तथा बालबालिकाहरुको सहभागिता सुनिश्चत गर्न बाल समुह तथा यूवा समूहहरुको परिचालन तथा क्षमता अभिवृद्धि सम्वन्धी कियाकलापहरु संचालन भएका थिए । जसले गर्दा संस्थाद्धारा संचालित कार्यकमहरुमा सुशासन र युवा सहभागिता सुनिश्चत गर्न सहयोग पुगेको छ ।

पालिका स्तरमा महिला तथा अन्य पछाडि पारिएका वर्गहरुको क्षेत्रमा बजेट विनियोजन गर्न समुदायमा संचेतनामूलक कार्यक्रमहरु संचालन गरि महिला, किशोरी र पछाडी पारिएका वर्ग तथा जातजातिहरुलाई समेट्नका लागि विभिन्न अभियान तथा अर्न्तक्रिया कार्यक्रमहरु संचालन भएका छन् । यसका साथै बुढीगंगा र गौमुल गाउँपालिकामा सेवा प्रवाहको प्रभावकारीताका लागि सार्वजनिक सुनुवाई, सामाजिक परिक्षण, लेखा परिक्षण आदि जस्ता कार्यक्रमहरु पनि यस वर्ष संचालन गरिएका छन् । स्थानीय शासनको जवाफदेहिता र प्रभावकारिताका विषयमा छलफल गर्न २२४ जना महिला, २४५ जना पुरुषको सहभागितामा समुदाय स्तरमा सार्वजनिक सुनुवाई कार्यक्रम संचालन गरिएका छन् । बिद्यालयहरुमा बालबालिकाको पहुँच अभिवृदि गर्न उनीहरु माथि हुन सक्ने दुर्व्यवहार, शोषण, हेला आदि बाट संरक्षण गर्न जीवनउपयोगी सीपमा आधारित कक्षाहरु १३ वटा विद्यालय र ६ वटा युवा समुहहरुमा संचालन भएका छन ।

## ५. प्रकोप पूर्व तयारी र भौतिक सुरक्षा (Disaster Resilience and Response with Physical safety)

बाजुरा जिल्ला कोलटी क्षेत्रका १३ ओटा माध्यामिक विद्यालयमा विपद् जोखिम न्युनिकरण सम्बन्धीका हरेक क्रियाकलापहरुलाई तालिम ,गोष्ठी र अन्तरक्रियाहरुमा अनुशिक्षण भईरहेको छ । विपद्मा परेका बालबालिकालाई तत्कालिन शैक्षिक सहयोग र खाद्यान्न उपलब्ध गराईएको छ । कार्यक्षेत्रका १३ वटा विद्यालयमा विपद् व्यबस्थापन योजनाका बारेमा शिक्षक, विद्यार्थी, विद्यालय व्यबस्थापन समितिलाई अनुशिक्षण दिने कार्य गरियो र विद्याालय सुधार योजनामा विपद् व्यबस्थापन तथा न्यूनिकरण योजनालाई समावेश गर्ने गराइएको छ। विद्यार्थीहरुलाई ड्रिल अभ्यास गराउने कार्य निरन्तर गरिएको छ । विद्यालयमा हुन सक्ने जोखिम न्युनीकरणकालागि सम्भाव्य जोखिम अध्ययनका आधारमा विद्यालयमा जोखिम न्युनिरकण सम्बन्धि Drill तथा जोखिम न्युनिकरण योजना तयारी र विद्यालयमा अर्न्तक्रिया कार्यक्रमहरु निरन्तर रुपमा संचालन गरिएका छन् । जसबाट १६७ छात्रा, १६१ छात्र, २२ पुरुष र ५ जना महिलाहरु लाभान्वित भएका छन् ।



बाजुरा जिल्लाको कोल्टी क्षेत्रका विद्यालयहरु प्रकोप न्यूनिकरण योजना बनाउन सहजिकरण गरीएको थियो जसले गर्दा सबै विद्यालयमा प्रकोप न्यूनिकरण योजना तयार भएका छन् । अभिभावक विद्यालय व्यबस्थापन समिति शिक्षकलाई दैविक प्रकोप न्यूनिकरण योजनाका विषयमा अनुशिक्षण कार्यक्रम संचालन गरिएको छ । विद्यालयमा मौसमी पात्रोको निर्माण भएको छ त्यही अनुसार विद्यालयमा फलोअप कार्य भएको छ । विद्यालयमा बालबालिकालाई ड्रिल अभ्यास गर्ने कार्यका बारेमा जानकारी गराएको छ । कार्यक्रमबाट सहयोग गरिएका निर्माणका क्रियाकलापहरु भुकम्प प्रतिरोधात्मक क्षमताका रुपमा निर्माण गरिएका छन् । युवा सशक्तिकरण परियोजना बाजुरा जिल्लाका ३ वटा नगरपालिकाका ११ जना जोखिममा रहेका बालबालिका पहिचान गरि सहयोग समेत गरिएको छ ।

## ६. स्वास्थ्य,पोषण र सरसफाई (Health, Nutrition and Hygine)

बुढीगंगा नगरपालिका र खप्तड छेडेदह गाउपलिकाको ५ ओटा स्वास्थ्य संस्थालाई आँखा, कान ,घाटी र दाँत चेक गर्ने औजारहरु हस्तान्तरण गरिएको थियो । १३४५ जना बालबालिकाको स्वास्थ्य चेकजाँचमा सहजीकरण गरिएको थियो भने ४ जना बालबालिकाको अत्यावश्यक उपचारका लागि नगद सहयोग पनि गरिएको थियो । महिनावारी स्वच्छतामा सुधार ल्याउने तथा विद्यालय र स्वास्थ्य संस्थामा महिनावारी स्वच्छता व्यवस्थापनको सुविधामा सुधार गर्ने उद्देश्यका साथ बाजुरा जिल्लाका ५ ओटा स्थानीय तहका १६ वटा स्वास्थ्य सस्था र ४० वटा विद्यालयमा महिनावारी स्वच्छता सामग्री हस्तानतरण गरीएको थियो । यसका साथै ४० ओटा विद्यालयका किशोरीहरुलाई केन्द्रित गरेर महिनावारी स्वच्छता व्यवस्थापन कक्ष स्थापना गर्न आवश्यक सामाग्रि सहयोग गरीएको थियो । विद्यालयमा खानेपानी ,सरसफाई र स्वच्छता व्यवस्थापन गर्न ४० ओटा विद्यालयको विद्यालयस्तरिय खानेपानी स्वच्छता समन्वय समितिसंग त्रैमासिक वैठक संचालन निरन्तर रुपमा गरी सम्पन्न भएका थिए भने ७८ जना विद्यालयस्तरिय खानेपानी स्वच्छता समन्वय समितिका पदाधिकारीहरुको क्षमता अभिबृद्धि समेत गरिएको थियो । किशोर ,किशोरीहरु र समुदायका व्यक्तिहरुको महिनावारी स्वच्छता सम्वन्धि ज्ञान ,धारणा र व्यवहारमा परिवर्तन ल्याउने उद्देश्यका साथ ४० वटा विद्यालय ,४१ वटा वडा कार्यालय र १६ स्वास्थ्य चौकीलाई जानकारीमूलक शैक्षिक सामग्रि छपाई र वितरण गरिएको थियो । ३० जना शिक्षक र शिक्षिकाहरु र १६ जना स्वास्थ्यकर्मीहरुको महिनावारी स्वच्छता व्यवस्थापन सम्वन्धि क्षमता विकास गर्ने स्वास्थ्यकर्मीहरुका लागि क्षमता अभिवृद्धि गोष्ठी पनि सम्पन्न भएको थियो । १६ वटा स्वास्थ्य संस्थाका १६३ जना महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई महिनावारी स्वच्छता व्यवस्थापन शिक्षा प्रदान गरिएको थियो । महिनावारी स्वच्छता व्यवस्थापन सम्वन्धि समुदायमा सचेतना फैलाइ महिनावारी सम्वन्धि विभेद न्यूनिकरण गर्न ४९४ धामी तथा झाँक्री, ६७८१ किशोरीहरु र ५०८६ जना स्वास्थ्य आमा समुहका महिलाहरुलाई महिनावारी स्वच्छता व्यवस्थापन शिक्षा पनि प्रदान गरिएको थियो । ४० वटा विद्यालयमा विद्यालयस्तरमा महिनावारी स्वच्छता व्यवस्थापन पैरवीका लागी किशोरी वृत गठन गरि ७६१ किशोरीहरु परिचालन गरिएका





थिए । बाजुरा जिल्लाका ४० वटा विद्यालय किशोरीहरुलाई महिनावारी स्वच्छता व्यवस्थापनमा सहयोग पु-याउन ६३८३ किशोरीहरुलाई महिनावारी स्वच्छता व्यवस्थापन किट वितरण गरिएको थियो । यस वर्ष पनि विगतका वर्ष झै समुदायमा सरसफाई र पोषणका विषयमा पैरवी गर्ने उद्देश्यका साथ संचेतना अभिवृद्धिका क्रियाकलापहरु निरन्तर रुपमा सँचालन गरिएका छन । महिनावारी,स्वच्छता सम्वन्धि जानकारी दिन तथा स्वच्छता सम्बन्धि व्यवहार परिवर्तनमा सहयोग पु-याउने उद्देश्यका साथ रेडियो कार्यक्रम उत्पादन गरी रेडियो वाजुरा, रेडियो पौरखीबाट निरन्तर प्रसारण गरिएको थियो । जिल्लाका बडीमालिका, बुढीगंगा, त्रिवेणी र बुढीनन्दा नगरपालिकाका साथै गौमूल र खप्तड छेडेदह गाउँपालिकामा स्वास्थ्य व्यवस्थापन समिति, स्वास्थ्य संस्थाहरु र महिला स्वास्थ्य स्वयंसेविकाहरुसंग सहकार्य गरी पोषण र सरसफाईका बारेमा संचेतनामूलक कार्यक्रमहरु संचालन गरियो । सन २०२१ मा घर भेट तथा समुदायमा छलफल कार्यक्रमबाट ३२०० जना महिला, पुरुष र बालबालिकाहरु सहभागी भएका छन् ।

बाजुरा जिल्लाको ९ वटै स्थानीय तहमा गर्भपतन ईकोसिस्टम सवलीकरण परियोजना अर्न्तगत २३६ जना महिला स्वास्थ्य स्वयं सेविकाहरुले पोषण, सरसफाई र सुरक्षित मातृत्व सेवाका बारेमा तालिम प्राप्त गरेका छन् । यसका साथै सामुदायिक अगुवा, सामुदायिक स्वयंसेवक र युवा क्लवका पदाधिकारीहरु गरी ३२० जनाले समुदाय सरसफाई र पोषणका बारेमा सहजीकरण गरेका छन् । साथै बडीमालिका, बुढीगंगा र तोली युवा सुचना केन्द्रहरु मार्फत सामाजिक दुरी कायम गरी मास्क, सेनिटाईजर वितरण र कोभिड-१९ बाट बच्ने उपायका बारेमा समुदायमा संचेतिकरण कार्यक्रमहरु पनि निरन्तर रुपमा संचालन गरिएका थिए । जिल्लाका २५ वटा माध्यामिक विद्यालयमा स्वच्छ खानेपानी, पोषण र सरसफाईका बारेमा अर्न्तक्रियाका साथै महिनावारी ब्यवस्थापका विषयमा पनि छलफल तथा अतिरिक्त क्रियाकलापहरु पनि संचालन गरिएका छन ।

महिनावारी,स्वच्छता सम्वन्धि जानकारी दिने र महिनावारी सम्वन्धि विभेद न्यूनिकरण गर्ने उद्देश्यका साथ बाजुरा जिल्लाका ५ ओटा स्थानीय तहमा समुदायस्तरका महिनावारी स्वच्छता व्यवस्थापन सम्वन्धि अभियानहरु संचालन गरिएका थिए । महिनावारी स्वच्छताका सम्वन्धमा वडा,पालिकास्तरका योजना,नीति निर्माणका विषयमा छलफल गर्न बाजुरा जिल्ला ५ ओटा स्थानीय तहका ४१ वडाहरुमा जन प्रतीनिधिहरुहरुको वडा स्तरीय बैठक नियमित रुपमा सम्पन्न गराउन सहयोग र सहजीकरण गरिएको थियो । बाजुरा जिल्लाका ५ ओटा स्थानीय तहका १६ वटा स्वास्थ्य संस्था र ४० वटा विद्यालय,विद्यार्थी, शिक्षकहरु,स्वास्थ्यकर्मी र सेवाग्राहीहरुलाई स्वास्थ्य संस्था र विद्यालयलाई स्वास्थ्य सुरक्षा सामग्रि सहयोग गरिएको थियो । महिला स्वास्थ्य स्वयम सेविका र कृषकलाई स्वास्थ्य र सरसफाईका माध्यमबाट व्यक्तिगत सरसफाई तथा कुषोण न्यूनिकरण गर्ने उद्देश्यका साथ तालिम संञ्चालन गरिएको थियो ।

गण्डकी प्रदेशका चार ओटा जिल्ला कास्की, तनहुँ, लमजुङ्ग र नवलपुरका २० ओटा निजी स्वास्थ्य संस्थाहरु तथा अस्पतालहरुलाई अति आवश्यक स्वास्थ्य व्यवस्थापन सामाग्रि तथा स्वास्थ्य उपकरणहरु सहयोग गरीएको थियो । सुरक्षित मातृत्व तथा महिला स्वास्थ्यलाई मध्यनजर गदै कास्की, तनहुँ, लमजुङ्ग र नवलपुर जिल्लाको विभिन्न ठाउहरुमा सचेतना मुलक कार्यक्रम, बैठक तालिम संञ्चालन गरीएको थियो जसको परिणाम स्वरुप सुरक्षित मातृत्व सेवा लिन २८६२ जना स्वास्थ्य संस्थामा आउनुभएको थियो । महिलाको स्वास्थ्य उनिहरुको पुर्ण अधिकारलाई प्रत्याभुती गर्न तथा सुनिश्चित गर्न विभिन्न सचेतना मुलक कार्यक्रमहरु संञ्चालन गण्डकी प्रदेशका चार ओटै जिल्लामा भएको थिए जसको परिणाम स्वरुप गर्भ निरोधका ३७० जना महिलाले कपरटी सेवा, ४० जनाले नरप्लान्ट सेवा र ५९९ जनाले परिवार नियोजन तथा गर्भपतन सेवा लिएको थियो । सुरक्षित मातृत्व तथा महिला अधिकार सेवालाई प्रभावकारी बनाउन २० ओटा स्वास्थ्य संस्थाको क्षमता अभिबृद्धि गरी सेवालाई प्रभावकारी बनाउन सहजिकरण गरीएको थियो ।

## ७. सामुदायिक पहुँच तथा भौतिक पुर्वाधार विकास

बाजुरा जिल्लाका ९ ओटा विद्यालय भवानी मा.वि, तोलीदेवलडाडा मा.वि, धौलपुरी मा.वि, रामेश्वरी मा.वि., वडिमालिका मा.वि, खापरदेवस्थली मा.वि, ज्ञानोदय मा.वि, अम्लीस मा.वि, बालविकास मा.वि मा किशोरीमैत्री शौचालय निर्माण गरी विद्यालयलाई हस्तान्तरण गरीएका थिए भने अम्लीस मा.वि, फुलपाटा मा.वि, किर्तीचौर मा.वि, वडिमालिका मा.वि , रामेश्वरी मा.वि, कैलासेश्वरी मा.वि, मस्टेश्वरी मा.वि, पार्वती मा.वि, तोलिदेवल मा.वि , भवानी मा.वि ,खापरदेवस्थली मा.वि, सरस्वती मा.वि दशरथ मा.वि. मस्टेश्वरी मा.वि, काँडाभवानी मा.वि, भानोदय मा.वि , थुमा मा.वि, सिंगाडा मा.वि, भगवती मा.वि., त्रिशक्ती मा.वि, ज्ञानोदय मा.वि., नेपाल राष्ठिय मा.वि गरी जम्मा २२ ओटा विद्यालयको शौचालय मर्मत तथा सञ्चालन ल्याईएको थियो । त्रिभुवनेश्वरी मा.वि, भवानी मा.वि, दशरथ मा.वि, धुरालसैन मा.वि, ज्ञानोदय मा.वि, जाल्पादेवी मा.वि , सत्यवादी मा.वि गरी जम्मा ७ ओटा विद्यालयमा खाने पानी आपूर्ती निर्माण तथा मर्मत गरी सञ्चालन ल्याइएको थियो ।



यस बर्ष बाजुरा जिल्लामा विभिन्न ठाउहरुमा झोलुङ्गे पुल निर्माण भई आवज जावत गर्नमा सहयोग पुगेको छ। यस बर्षमात्र निम्न झोलुङ्गे पुलहरु निर्माण कार्य सम्पन्न भएको छन्।

| क.स | क्रियाकलाप | स्थान |
|---|---|---|
| १ | गडुलीखोला ट्रस पुल | त्रिवेणी नगरपालिका ०२ |
| २ | भेरीकिला झो.पुल | बुढिगंगा नगरपालिका ०२,०३,०५ |
| ३ | मैरेगडा झो.पुल | बुढिगंगा नगरपालिका ०९ |
| ४ | चाम्रेबगर झो.पुल | खप्तड छेडेदह गाउँपालिका ०६ |
| ५ | सिमपाटा झो.पुल | खप्तड छेडेदह गाउँपालिका ०५ |
| ६ | दवारी झो.पुल | बडिमालिका नगरपालिका ०४ |
| ७ | लवाकोट झो.पुल | बडिमालिका नगरपालिका ०७ |
| ८ | कोटेसागु ढस पुल | गौमुल गाउँपालिका ०५ |
| ९ | काम्तिकोट काटिया झो.पुल | स्वामिकार्तिक खापर गाउँपालिका ०१ |
| १० | मुसेखोला ढस पुल | जगन्नाथ गाउँपालिका ०२ |

## ८. जलवायु अनुकुलन र वातावरण व्यवस्थापन (Climate Adaptation and Environment Management)

बाजुरा जिल्लाको कोल्टीमा प्रकोप ब्यबस्थापन गरी बिपद् न्यूनिकरण गर्न ग्याविन जाली निमार्ण गरीएको छ । प्रकोप ब्यबस्थापन गरी बिपद व्यवस्थापन गर्न हिमाली गाउपालिका र बुढीनन्दा नगरपालिकामा ५००० को सहभगितामा बृक्षारोपण कार्य सम्पन्न गरीएको थियो जसले जलबायु अनुकलनमा सकारात्मक प्रभाव पार्न सहयोग पुग्ने अपेक्षा गरीएको छ ।

## ९.संस्थागत सुदृढिकरण (Institutional Strengthening)

२०७८ साल अजोज ११ गतेका दिन संस्थको सुदृढीकरण र सुशासन कायम गर्नका लागि अध्यक्ष विमला थापाको संयोजकत्वमा पीसविनको नयाँ कार्यसमिति चयन भएको छ । सन् २०२१ मा समुदायमा संचालन कार्यक्रमहरुको भएका संख्यात्मक तथा गुणात्मक उपलब्धिहरु ,कार्यक्रम सम्पन्न गर्दा आईपरेका समस्याहरु,समाधानका लागि गरिका उपायहरु र संस्थाले गरेका असल अभ्यासका बारेमा समिक्षा गरी सुझावहरु संकलन गर्न संस्थागत वार्षिक सामाजिक लेखाजोखा सम्पन्न गरेको छ । यस बर्षमा लेखा परिक्षक र अनुगमनबाट आएका सल्लाह, सुझावहरुलाई कार्यसमितिको बैठकमा जानकारी गराई सुधारको लागि योजना समेत बनाइएको छ । संस्थागत बैधानिकताको लागि समयमै करचुक्ता नविकरण तथा संस्थाको बार्षिक लेखापरीक्षण पनि समयमै

पुरा गरिएको थियो । पीसविनले यस वर्ष ३ वटा नयाँ कम्प्यूटर, २ वटा टेबुल र २ वटा कुर्सि खरीद गरी धनगढीमा पीसविन समन्वय कार्यालय व्यवस्थापन गरेको छ । लैङ्गिक हिंसा रोकथाम तथा प्रतिकार्य परियोजना ( दोस्रो चरण) अर्न्तगत कर्मचारी र कार्य समिति सदस्यहरुलाई लैगिक हिंसा न्यूनिकरणका लागि रुपान्तरण ,सेफ गार्डिङ्ग र मनोविमर्श तालिम संचालन गरी समुदायमा सहजीकरण गर्न सक्ने बनाउने उद्देश्यले कर्मचारीको क्षमता विकास तालिमका साथै अन्य परियोजनाका विभिन्न सवालमा कर्मचारीहरुको क्षमता विकास तालिम तथा गोष्ठि गरी यस बर्ष सु-सम्पन्न भएका छन् ।

## १०. अनुगमन तथा मुल्यांकन (Monitoring and Evaluation)

जिल्लास्तर,पालिका र वडास्तरका सरोकारवालाहरु र सरकारी कार्यालयका प्रतिनिधिको परियोजनाका गतिविधिहरुको संयुक्त अनुगमन गराई सुझाव सल्लाह लिने दिने काम पनि सम्पन्न भएको थियो । पीसविनले वडा, नगरपालिका र जिल्लामा रहेका बालक्लब, युवा क्लव तथा संजालहरुसँग काम गर्दै उनीहरुको संस्थागत सुदृढिकरणमा संस्थामा रहेका कर्मचारीको क्षमता विकास तालिम संचालन गरिएको छ ।




संस्थामा मासिक, त्रैमासिक,अर्धबार्षिक र बार्षिक परियोजनागत बैठक संचालन भएका छन् । परियोजनाको समिक्षा गर्दै आगामी योजना तयार गर्ने उद्देश्यका साथ पालिकास्तरिय सरोकारवालाहरुको समिक्षात्मक वैठक पनि सम्पन्न भएका छन् । पालिकास्तरका परियोजना सल्लाहकार समितिको वैठक पनि सम्पन्न भएका छन् । परियोजनालाई कार्यक्षेत्रका स्थानीय सरकारवाट अनुमोदन गराई संञ्चालनमा ल्याईएको थियो । कार्यसमितिका अध्यक्ष र सदस्यहरुको कार्यक्रमको अनुगमन गरेको छ । विभिन्न परियोजनाहरुको कार्यक्रमको स्थानीय सरकारसँगको संयुक्त अनुगमन पनि सम्पन्न भएको थियो । नीति संरक्षक, कार्यक्रम प्रबन्धक र परियोजना प्रमुखबाट बेलाबेलाका कार्यक्रमको अनुगमन गरि सुधारको लागि सुझाव सल्लाह दिनको साथै सुधारको कार्ययोजना बनाई कार्यान्वयन समेत गरिएको थियो । स्थानीय सल्लाहकार समिति र स्थानीय तहको तर्फबाट अनुगमन गरि थप सुधारका लागि दिएका सुझावहरुलाई कार्ययोजना बनाई

कार्यान्वयन समेत गरिएको थियो । मिलमा आएका सुझाव तथा गुनासोहरुलाई व्यवस्थापन गर्नका पीसविन अर्न्तगत गुनासो सुनुवाई समितिमा छलफल गरी उचित समयमै समानधान गरिएका थिए । साझेदार संस्थाहरुको जिल्ला, क्षेत्र तथा केन्द्रिय टोलीबाट कार्यक्रम तथा आर्थिक प्रगतिको अनुगमन गरियो । आन्तरिक तथा बाह्य अडिटरबाट आर्थिक कारोवारोको अडिट गरि प्राप्त सुझाबका आधारमा कार्ययोजनाको निर्माण सहित कार्यान्वयन भएको छ । बुढीगंगा नगरपालिकामा बाल विबाहको अवस्था र कार्यक्रमको प्रभावकारीताको लेखाजोखा गर्न मध्यावधी मूल्यांकन गरिएको थियो ।

## सन् २०२१ को आम्दानी खर्च विवरण

| क्र.स. | परियोजनाको नाम | निकासा बजेट | खर्च बजेट | कैफियत |
|---|---|---|---|---|
| १ | आन्तरिक र अन्य कार्यक्रम | १९२१८२८ | १९२१८२८ | ० |
| २ | LRP परियोजना | ४५००००० | ४२९००६२ | २०९९३८ |
| ३ | AADK-DTV | २८६०९७०९ | २८६०९७०९ | ० |
| ४ | युवा सशक्तिकरण परियोजना | ३७०१३७१ | ३७०१२६४ | १०७ |
| ५ | सामुदायिक विकास परियोजना | १४५९८३२० | १४५९८३२० | ० |
| ६ | सम्पुर्ण परियोजना | ४३८०९२५५ | ३९३३८०४४ | ४४७१२११ |
| ७ | महिनावारी स्वच्छता व्यवस्थापन परियोजना | ४९९१३६३६ | ४९६४०१४५ | २७३४९१ |
| ८ | इमर्जेन्सी रेस्पोन्स प्रोजेक्ट | १९१४६१८ | १६३३३६३ | २८१२५५ |
| ९ | नेपालमा गर्भपतन इकोसिस्टमलाई सुदृढ गर्दै परियोजना | ४७०५३१३ | ३८४४२७३ | ८६१०४० |
| १० | महिला स्वास्थ्य कार्यक्रम | १५२९४३९० | १३०२४३२३ | २२७०६०७ |
| ११ | विद्यालय खानेपानी सुधार परियोजना | ७२७२७२७ | ६८९४२८४ | ३७८४४३ |
| १२ | आवाज कार्यक्रम | ५३८०९७६ | ४७३७१५८ | ६४३८१८ |
| | **जम्मा** | **१५५८७३६८३** | **१४६४८३७७३** | **९३८९९१०** |

## केहि प्रतिनिधिमुलक तथ्य कथाहरु

### करिश्मा विक र उनको परीवारको फेरीएको जीवन

**परिचय**

बाजुरा जिल्लाको खप्तड छेडेदह गाउपालिका वडा नं. १ वडामा जन्मिएकी एउटा किसोरी हुन १७ बर्षकी करीस्मा विक । हाम्रो स्पोन्सर बालिका करीस्मा विक आमा धोर्मी विक र बुबा अफी विककी माइली छोरी हुन् । उनि हाल काडा भवानी माध्यामिक विद्यालयमा कक्षा ११ मा अध्यनरत छिन । उनको घरमा उनि लगायत ५ जना बस्ने गरेको छ । करिसमा विकले बाजुरामा स्पोन्सरसिप कार्यक्रम लागु भएको बर्ष देखि नै सहयोग पाउदै आइरहेकी छन् ।



यिनको घरमा २ भाइविनाहरु १ भाइ र १ दाइ रहेका छन् । दलित गरीव परीवारमा जन्मिएको यिनले विभिन्न अप्ठ्याराहरु भ्mेल्दै कक्षा ११ सम्म आइपुगेकी छिन् । उनका आमा बुबाको मुख्य पेशा कृर्षी भएता पनि कृर्षी बाट मात्रै परीवार धान्न नसकिने हुनाले आरनको काम पनि गर्दछन् ।

**पहिलेको अवस्था**

करिस्मा विक गरीब परीवारमा जन्मिएको कारणले विभिन्न समस्याहरु भ्mेल्दै आएकी थिइन् । विद्यालय जाने करीस्माको मन हुदा हुदै पनि कापी कलम प्रसस्तै नहुदा र राम्रो लुगा नहुदा विद्यालय जान मन नलाग्ने गरेको बारे करिस्मा विकले बताउन्छिन् । अशिक्षा र उनका पारिवारीक बाध्यताका कारण उनको परीवारमा पनि उनको दाइ र उनिमा विभेद हुने गरेको थियो । उनको दाइले छोडेको कापी पेन्सिल र भ्mोला उनले प्रयोग गर्नु पर्दथ्यो । करीस्मा भन्छिन "मैले सधैं दाइले छोडेको भ्mोला लिनु पर्दथ्यो मलाई नयाँ भ्mोला हुदैनथ्यो । मनै देखि नराम्रो लाग्दथ्यो ।" उनको आमा बुवालाई खेतीपातिबाट आएको र आरन चलाएर आएको अन्नले उनको परीवारका सबै सदस्यलाई खान लाउन मात्रै पुग्दथ्यो ।कापी कलम र विद्यालय पोशाक र अन्य पोशाकका जोह गर्न उनको बुबालाई अप्ठ्यारो हुने गरेको थियो । यसरी उनलाई कापी कलम नै नहुदा पढाइमा र विषय अनुसारका नोट कपी र कापी र कलम अभाबकै कारण गृहकार्य गर्न पनि नसकिएको बारे उनि करिस्मा विक बताउन्छिन । उनको परीवारमा स्वास्थ्य उपचार लगायत भवितव्यमा आवश्यक पनि बचतको अवस्था थिएन । कमाएको जती सबै खान लाउन र बचेका अलिकती भएपनि पढाइमा नै ठिक्क हुन्थ्यो ।



**पीसविनको सहयोग र क्रियाशिलता**



करीस्मा विकलाई स्पोनसरसि  कार्यक्रममा जोडीयो साथै पीसविनले बार्षिक रुपमा शैक्षिक सामाग्रि तथा विद्यालय पोशाक वितरण गरीरहेको छ । करीस्मा विक बाल क्लवमा पनि आबद्ध भएको हुदा नेतृत्व विकासका विभिन्न तालिमहरु पनि प्राप्त गरेकी छिन् । महिनाबारी स्वच्छता बाल विबाह न्युनिकरण सम्बन्धि तालिम लगायत सडक नाटक, जनचेतना मुलक यालि,अतिरीक्त क्रियाकलापमा पनि सहभागि हुने अवसर गुड नेवर्स इन्टरनेशनल नेपाल र पीसविनले प्रदान गरेको थियो । साामुदायिक विकास परियोजनाले २०७७ मा रु १०००० बाखा पालनको लागि पनि गुड नेवर्स इन्टरनेशनल नेपालले सहयोग गरेको थियो । उनको परीवारका आमा बुबालाइ सहकारीमा आवद्धताका फाइदा बारे पनि सचेतना पनि फैलाईएको थियो ।

**हालको अवस्था**

करीस्मा विकलाई पढाई लेखाईमा सहजता प्रदान भएको छ । कापी कलमका अभाब टरेकोले निरन्तर पढाइमा सफलतत प्राप्त गरेर हाल कक्षा ११ मा पढिरहेकी प्राप्त गरेकी थिइन् जसले




उनमा उत्प्रेरण जागेको र बाल विवाह लगायतका बालबाीलकाको पक्षमा बालक्वका अध्यक्ष भएर काम गरीरहेकी छिन् । समुदाय र विद्यालयमा महिनाबारी स्वच्छताबारे सचेतना फैलाउने काम पनि गर्ने गरेकी छन् जसले गर्दा उनिलाई सबैले चिनेको छ । हाल उनले आप्नो क्षमता विकास गर्दै  किसोरीहरुलाई शनिबारे महिनाबारी स्वच्छताका कक्षाहहरु पनि संञ्चालन गरीरहेकी छिन् ।उनको परीवारको आर्थिक स्थति पनि राम्रो हुदै गईरहेको छ । उनको बाखा पालनको प्राप्त रकम बाट बाखा खरीद गरेर ४ बाखा बाट हाल १० ओटा बाखा उत्पादित भइसकेका छन् ।  २ ओटा बेचेर जम्मा १२००० आमदानी पनि गरेकी छिन् हाल उनको घरमा ८ ओटा बाखा अझ पनि रहेको छन् । हाल उनको आमा बुबालाई कापी कलम कसरी व्यवस्थापन गर्ने भन्ने झन्झट हुदैन । उनको परीवारले सहकारीमा मासिक रु १०० बचत पनि गर्ने गरेको छन् । करीस्मा विकको क्षमता अभिबृद्धि सँगै उनले बाल क्लवको अध्यक्ष भएर चलाएको अभियानबाट ६ जना दम्पतीसको बाल विवाह रोक्न समेत सफल भएकी छिन् । यसरी करीस्मा विक एक असल विद्यार्थि बाल अभियान्ता हुनमा गुड नेवर्स इन्टरनेशनल र पीसविन बाजुराको सामुदायिक विकास कार्यक्रमले क्षमता अभिबृद्धिमा सहयोग गरेको थियो । उनि विभिन्न खाले बाल अधिकार र बाल विवाह विरुद्धका अभियानमा जोडिना पाउदा खुसि समेत व्यक्त गर्दथिइन ।

## सानो सहयोग नानी र नानीकी हजुरआमाको लागि ठुलो आधार

### पृष्ठभुमी

बाजुरा जिल्ला वुढीगंगा नगरपालिका वडा नं. ८  मा वस्ने वुवा कमल नेपाली र आमा सगुनी नेपालीकी छोरी उर्मिला नेपालीको जन्म २०६२ साल मंसिर १० गते भएको थियो ।  उनी प्रायोजित सेवामा आवद्ध कक्षा १ देखि नै थिइन । उनको वुवाको स्थायी  ठेगाना नै थिएन । उनि काम गर्ने सिलसिलामा वाजुरा आउँदा उनको आमा संग विवाह २०६० सालमा भएको थियो । उनको वुवाले राम्रो मिस्त्रीको काम गनुहुन्थ्यो रे ज्यालामजदुरी गरी परिवार पालन पोषण गर्नु भएको थियो । बाजुरामै काम गर्दा गदै अकस्मात वुवाको मृत्यु २०६७ सालमा भयो । वुवाको मृत्यु भएपछि आमा अर्का विवाह गरि जानुभयो । उर्मिला लाई २ वर्षको हुदाँ देखि नै उनको वजै रंगी देवि नेपालीले पालन पोषण गदै आउनुभएको थियो । वजै पनि सहारा विहिन छिन् । उनको पनि डोटीको एक जना घुमन्ते झांक्रि वाजुरा आउँदा फकाएर उनले उनीसंग विहे गरेछन् र वुढाले घरमा अर्को विहे गरेका रहेछन् र सो कुरा उनलाई अवगत नै थिएन् । विवाह भई वाजुरा वाह्रविस वड्ेली वस्दै गर्दा वुढाको मृत्यु भयो र उनी चाँही बेसाहारा बनिन् । उनको २ छोरी मात्र थिए । श्रीमानको मृत्यु भए पछि २ छोरी पालेर बस्दै आएकी उनी पछि उर्मिलाको आमाले विहे गरिन र अनको आफनो आमाको वहिनि पनि थिइन् । उर्मिलाको वजैको नागरिता पनि हाल सम्म छैन ।



### पहिलेको अवस्था

उर्मिला नेपाली वुढीगंगा नगरपालिका वडा नंः ८ मोटावाडा कुमाले गाउँमा वस्नु हुन्थ्यो । उनी बस्ने ठाउँमा आफनो न जग्गा ,न घर अर्केले सानो पाखो जग्गा वाँचुन्जेल त्यसैमा वस भनेर दिएका थिए । सोहि ठाउँमा सानो टिनको अस्थायी घर वा छाप्रो वनाएर वसिन । उनकी बजैले  आफनो सामाजिक सुरक्षा भत्ताको पैसाले टिनको अस्थायी घर बनाएकी थिइन् । उनकी बजैले  गाउँमा मागेर जिविका गुजार्ने गरेकी थिइन् । उर्मिलालाई पनि उनले सोहि सामाजिक सुरक्षा भत्ताले भएपनि पालन पोषण ,लुगा कपडा,नुन तेल आदि इत्यादि वेहोर्नुभएको थियो । उनको पढाईमा पनि धेरै असहजता भएको थियो । उनको आमा वुवा भने पनि सवै उनै वृद्ध हजुरआमा नै हुनुहुन्थ्यो धेरै माया दिनुभएको छ । आफै शारिरीक रुपमा अस्वस्थ भएर पनि उहाँले आफनो जिविका पार्जन गर्न र उर्मिलालाई पढाउँन लेखाउँन पालन पोषण गर्न गाउँ गाउँमा गई सवै संग मागेर जिविका पार्जन



गरेकी थिइन् । घरमा उनको वजैले एउटा वाख्रोको पाठो किनेर पाल्नुभएको थियो । उर्मिला बिद्यालय नगएको वा विदाको दिनमा सोहि वाखालाई चराउने कार्यमा वजैलाई सहयोग गर्थिन् ।

**पीसविनको सहयोग**

सामुदायिक विकास परियोजना मार्फत २०१३ बाट सञ्चालन गर्दै आएको छ । यस सामुदायिक विकास परियोजनामार्फत समुदाय सहजकर्ताका सहजीकरणमा उर्मिलाको घरमा गई उनको घरको अवस्था पारिवारिक अवस्था आदि इत्यादि पक्षलाई विषलेष्ण गरे । उर्मिलाको पढाईको अवस्था ,समस्या, पारिवारिक दिनचर्या आर्थिक अवस्था र उनको अभिभावक अर्थात संरक्षक वजैको अवस्थाका वारेमा जानकारी लिने र भेटघाट गरीरहे भने पछी गएर पीसविनमार्फत संञ्चालनमा ल्याईएको सामुदायिक विकास परीयोजनाले पनि नियमित भेटघाट तथा शैक्षिक सामाग्रि सहयोग र परामर्श सल्लाह दिदै आईरहेको छ ।



**सहयोग भए पश्चातको अवस्था**

उर्मिला हाल कक्षा ७ मा अध्ययनरत छात्रा हुन उनि कक्षा १ देखि नै सामुदायिक विकास परियोजना वाट निरन्तर सानो भए पनि शैक्षिक सामाग्रि पाउने गरेकिछिन । सानो सहयोगले उनलाई केही मात्रामा भए पनि साहारा भएको र विधालय जान प्रेरणा मिलेको छ । उनकी हजुरआमाले रंगी नेपाली भन्नुभयो म भन्दा पछिडीको उर्मिलाकोलागि अर्को अभिभावक सहयोग गर्ने दाता पनि हो । उर्मिला पहिले सानो हुदाँ पढाईमा त्यति खासै कमै लाग थिइन भने अहिले उमेरले पनि १६ वर्षको भइन र हाम्रो निरन्तर भेटघाट तथा परामर्शले नियमित विद्यालय जाने र आफनो गृहकार्य गर्ने र पढाइमा पनि लागिरहन्छिन् र घरायसि काममा पनि हजुरआमालाई सगाउछिन । उनि मिलनसार र सहयायोगी पनि भईन । र विधालयमा सञ्चालन हुने विभिन्न कार्यक्रममा सहभागिता हुने र विद्यालय समयसम्म विद्यालयमै वसेर पढिछिन् । हाम्रो सानो सहयोगले नानीको जीवन र हजुरआमालाई धेरै सहज भएको छ ।

**भावी योजना**

उर्मिला भन्थिइन आगामि दिनमा मलाई मेरो अभिभावक वनि पढनमा सहयोग गरी अभिभावत्व निवार्ह गरिदिए म पढाईलाई निरन्तर्ता गर्नेछु । वडा कार्यालय ,नगरपालिका र अन्य सरोकारवाला पक्षको सहयोगमा मलाई आगामी योजनाका वारेमा समन्वय र सहकार्य गनछु र म मछी म जस्तै असायलाई सहायोग गर्नेछु । मलाई शैक्षिक सामाग्रि अन्य व्यवस्थापन भए पनि विद्यालय पोशाक भने वर्ष भरी १ जोरमात्र हुदा समस्या परेको देखिन्छ । १ जोर धुँदा अर्को जोर नहुँदा विधालय जान नमिल्ने भएकोले तत्काल १ जोर युनिफम व्यवस्थापन गरीदिए हुन्थ्यो भनेर बताइन् ।

## साक्षरता कक्षाले दैनिक जीवन सहजता



सर देवी थापा बुढीगंगा नगरपालिका वडा नं १ डुंग्री निवासी ४० बर्षिय महिला हुन । उनको घरमा ३ छोरा र उनका श्रीमान पनि रहेका छन । उनि अनपढ भएको र उनको बुढा पनि सामान्य लेखपढ गर्न मात्र जानेकोले उनको घरमा उनको बुढा नहुदा समस्या हुने गर्दथ्यो । उनले सानो किराना पसल पनि राखेकी थिईन् तर उनको किराना पसलमा कोहि आउदा फेर्ता दिनुपर्ने पैसाको लागि अरुलाई गुहार गर्थिन । उनलाई आप्नो परिचय सबैका अगाडी भन्न धौ धौ हुन्थ्यो । धेरे व्यक्तिहरुको अगाडी उनि बोल्न लाज मान्ने गर्थिन् जसले गर्दा उनि आफै असहज हुने गरेको बारे हामिलाई बताइन् ।

पीसविन बाजुराले समुदायमा रहेका निरक्षर अभिभावकको निम्ति ३ महिने साक्षरता कक्षा संञ्चालनमा ल्याएपछी उनि पनि साक्षरता कक्षामा निरन्तर सहभागि भएकी थिईन् । साक्षरता कक्षामा सामान्य अक्षर चिनारी, अंक चिनारी, सामान्य जोड घटाउ, पात्रो हेर्ने घडी हेर्ने, सरसफाइका व्यवाहार आदी जस्ता कुराहरु सिक्ने कार्यमा सक्रिय भएर सहभागि भएकी थिइन । दिनभर काम गरेर बेलुका भएपनि उनी साक्षरता कक्षामा निरन्तर गएकी थिइन ।

यसरी नियमित साक्षरता कक्षामा सहभागि हुदै गर्दा उनले परिचय दिन, घडी हेर्न, क्यालेन्डरमा विदाका दिनहरु हेर्ने तथा थाह पाउनेबारे सिकेको बारे बताइन । उनले साक्षरता कक्षा पनि उनि ढुक्कल सबैका अगाडी परिचय दिन सक्ने भएकी  छिन । सामान्य हिसाब किताव मौखिक वा लेखेर पनि जान्दथिईन । सरसफाइमा हात धुने तरीकाहरुका बारेमा तथा अन्य घर तथा बाहिरको सरसफाई र पोषणका बारेमा पनि साक्षरता कक्षाबाट सिकेकि छन । यसले गर्दा उनको दैनिक जीवनमा सहजता भएको छ । उनले आजभोलि सोनो किराना पसल पनि आफै चलाउन सक्ने हिसाब किताव राख्न सक्ने भएकोले उनलाई अझ सहजता प्राप्त भएको छ । उनी भन्थिन दैनिक १००० देखि १२०० सम्मको व्यापार हुन्छ जसको हिसाब किताब म आफै गर्दछु । साक्षरता कक्षा जान भन्दा पुर्ब अरुको सहयोग चाहिन्थ्यो आजभोलि औला गनेर भएपनि म सहजै रुपमा यो १००० देखी १२०० सम्मको कारोबारो विना अलमलिएर सहजै गर्न सक्छु भनेर हामिलाई बनाइन । उनि घडी हेरेर समयमै छोराहरुलाई विद्यालय पठाउन सक्ने भएकी थिईन । उनले भनिन यो साक्षरता कक्षाले मेरो जीवनमा धेरै सहजता ल्याएको छ । कोरोनाको कारणले बिचमा केहि समय बन्द भएपनि हामिले धेरे कुरा सिक्न पाएकोमा सहयोगी दातालाई धन्यबाद दिदै उनले अझै यस्ता साक्षरता कक्षाको अपेक्षा समेत गरेकि छिन ।



**बाल बाल बाल सचेतना तथा बाल विवाह न्युनिकरणमा सक्रिय**

खापरदेवस्थली माध्यमिक विद्यालयमा खप्तड छेडेदह गाउँपालिकाको वडा नं ४ पर्छ । यो



विद्यालयमा कक्षा दशसम्म पढाइ हुन्छ । जम्मा ६५४ जना विद्यार्थीहरु अध्ययनरत छन । ३०३ छात्र र ३५१ जना छात्रा छन । यस विद्यालयमा रहेको वाल समुहमा ७ छात्र र ८ जना छात्रा रहेका छन् ।

मिति २०७७ माघ १५ गतेका दिन श्री विरेन्द्र धामीको अध्यक्षतामा विद्यालय स्तरीय बाल क्लब गठन गरिएको थियो । उक्त बाल क्लवको पहिलो बैठक बसी कार्ययोजना बनाई बाल विवाह विरुद्धको याली सडकनाटक जस्ता जनचेतना मुलक कार्यक्रम गर्ने निर्णय गरेको थियो । यहि अनुसार मिती २०७७ फाल्गुन ६ गतेका दिन सडक नाटक र याली कार्यक्रम संञ्चालन गरेको थियो भने सम्पुण वडा नं ४ मा बस्ने किसोर किसोरीहरुलाई बालविवाह नगर्ने प्रतिबद्धतामा हस्ताक्षर गरेका थियो । सडक नाटक मार्फत बाल विवाहका असर कानुन प्रावधान र यसले समाजमा पार्न सक्न नराम्रो प्रभाव बारे सचेतना फैलाएको थियो । यसले बाल विवाह विरुद्धको अभियानमा सकारात्मक प्रभाव पारेको छ ।

सामुदायिक विकास परीयोजनाको सहजिकरणमा बाल क्लव गठन र क्षमता अभिबृद्धि गर्दै बाल समुहलाई अग्रसर गराउन पुर्व बाल विवाह गर्नेहरुको संख्या उल्लेख्य मात्रामा रहेको थियो ।बाल विवाहमा बाल क्लवको चासो नरहेको थियो । किसोर किसोरीहरुले पनि बाल विवाह गरेमा के हुने भन्ने बारे खासै चासो नगरेको पाइन्थ्यो । २०७७ साल पौस महिनासम्मका तथ्यांकका अनुसार वडा नं. ४ मा १२ जनाले बाल विवाह गरेको पाइन्छ सो मध्ये ६ जना दम्पतीहरुले विवाह गरेका केस वडा कार्यालयसम्म पुगी आ आप्नो घरमा बस्ने गरी वडा अध्यक्षको मध्यस्ततामा व्यस्थापन गरीएको थिए । यसल पनि के देखाउन्छ भने बालबालिकाहरु बाल विवाह प्रती सजक नरहेका पाइन्थ्यो र बाल विवाहका घटना घट्ने गरेको पाइन्थ्यो ।



बाल विबाहको यस विकराल परीस्थतीलाई कम गर्न बाल क्लव  गठन गर्न र बाल क्लवलाई क्षमता अभिबृद्धि गर्न परीयोजनाले सहयोग गरेको थियो । बाल क्लवको बैठकमा बाल विबाह न्युनिकरण कसरी कम गर्न सकिन्छ भन्ने प्रमुख एजेन्डा बनाई सहजीकरण समेत गर्ने गरेको थियो । सामुदायिक विकास समितीको बैठकमा पनि बाल विबाहलाई कसरी कम गर्न सकिन्छ भन्ने बारे छलफल गराइएको थियो । वडा कार्यालयको समन्वय र सहकार्यमा पनि बाल विवाह कसरी कम गर्न सकिन्छ भन्ने बारे छलफल गराईएको थियो । बाल क्लवलाई अग्रसर गराएर २०७७ फाल्गुन ६ गतेका दिन सडक नाटक र याली कार्यक्रम तथा म बाल विवाह गर्दिन र गर्न पनि  दिन्न भन्नेमा हस्ताक्षर संकलन सहित सम्पुण वडामा रहेका किसोरी किसोरीहरुबाट प्रतिबद्धता लिने काम समेत गराउन सहजीकरण गरीएको थियो । यस कार्यक्रममा बोल्दै अब बाल विबाहको विरुद्ध हामि सबैले लाग्नु पर्ने र बाल विबाह गर्नेलाई बाल समुहले नछोड्ने भनेर बाल समुहका अध्यक्ष बिरेन्द्र धामीले भन्नुभएको थियो । बडा अध्यक्ष हर्क राउतले पनि बाल विवाह गर्नेलाई कानुनी उपचारमा आफु अग्रसर हुने कुरा कार्यक्रममा बोल्नु भएका थियो ।




यसरी विभिन्न कार्यक्रम पछी बाल क्लव क्रियाशिल भएको छ भने उक्त बाल क्लव का सदस्य र अन्य बालबालिका पनि सजग भएका छन जसले गर्दा निम्न सफलता प्राप्त गरीएका छन ।वडा नं. ४ का सम्पुण बालबालिकाहरुले बाल विवाह नगर्ने प्रतिबद्धता जाहेर गरेका छन् । वडा कार्यालयले बालबालिकाहरुले हस्ताक्षर गरेको व्यानर वडा कार्यालयमा राखेको छ भने बाल विवाह २०७७ फाल्गुन भन्दा यता भएको छैन । वाल विवाह विरुद्धको सडक नाटक याली र चेतनामुलक कार्यक्रम बाल क्लवले गर्ने तथा बाल विवाह मुक्त वडा घोषण गर्ने लक्ष्य रहेको छ ।

### सरोकारवालाहरुका प्रतिक्रियाः

- "पीसविनले बाजुरा जिल्लामा युवाको विकासकालागि खेलेको भुमिका र युवाको क्षेत्रमा गरेको योगदानको श्राहना गर्दछु । साथै आगामी दिनहरुमा युवाको विकासकालागि कार्यक्रमको निरन्तरताको शुभकामना पनि व्यक्त गर्दछु ।" ***(दीपक विक्रम शाह, नगर प्रमुख, वुढीगंगा नगरपालिका, बाजुरा)***
- "बुढीगंगा नगरपालिकामा बुढीगंगा नगरपालिकासँग सहकार्य गरेर पीसविनले बाल विवाह न्युनिकरणका लागि गरेको प्रयास प्रसंसा योग्य छ । यसका निरन्तरता भयो भने हामी सफल हुन्छौ । " ***(ओम कुमारी विक महिला तथा बालबालिका शाखा प्रमुख, वुढीगंगा नगरपालिका, बाजुरा)***

- "पीसविले विद्यालयमा कक्षाकोठा व्यवस्थापन देखि विभिन्न तालिम र सचेतना मुलक कार्यक्रम मार्फत विद्यालयको भौतिक सुधारमा गरेको योगदान अतुलनिय छ । यसका निरन्तरता हुन आवश्यक छ । " ***( नृग नेपाली प्र.अ. राजेन्द्र आधारभुत विद्यालय )***
- "जिल्लामा लघु उद्यमको क्षेत्रमा घरेलु तथा साना उद्योग विकास समितिसंग हातेमालो गरी काम गरेको र आगामि दिनहरुमा पनि युवा विकास तथा रोजगारीको क्षेत्रमा निरन्तर सहयोग र हातेमालो गर्दै अगाडी बढ्ने अपेक्षा समेत व्यक्त गरेको छु ।" ***(मान बहादुर चाड, उद्योग अधिकृत, घरेलु तथा साना उद्योग विकास समिति, बाजुरा)***
- "पीसबिनका कियाकलापहरु समुदायप्रति जबाफदेही हुन्छ र कियाकलाप संचालन गर्दा सुरुमा बजेटको प्रस्तुत र कियाकलापको अन्त्यमा बजेट अनुमोदन गर्ने कार्य राम्रो छ यसले सबैलाई पारदर्शि र जबाफ देहीहुनमा प्ररित गर्दछ । "***(लालबिर सार्कि जिल्ला हलिया संजाल अध्यक्ष)***
- "पीसबिनले सामाजिक रुपान्तरण मा जुन भुमिका खेलेको छ यो अरु कसैले पनि गरेको छैन बालवालिका,महिला तथा शिक्षाको क्षेत्रमा गरेको कार्य सराहनिय रहेको छ ।" ***(तुलाराम जैशी अधिबक्ता)***